नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२



यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर ०९ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 25 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८९

## धोबिनी गापाको बजेटमा जनप्रतिनिधि र कर्मचारीको भागबन्डा

प्रस, वीरगंज, ८ मङ्सिर/

पर्साको धोबिनी गाउँपालिकाले चालू आव २०७८/७९ मा सार्वजनिक गरेको बजेट विकासमुखी नभई वितरणमुखी भएको पाइएको छ ।

धोबिनी गापाका बुद्धिजीवीहरूका अनुसार जनप्रतिनिधि तथा कर्मचारीको मिलेमतोमा अधिकांश बजेट टुक्रे र वितरणमुखी कार्यक्रममा विनियोजन गरिएको छ ।

गापा उपाध्यक्ष पारसनाथप्रसाद कुर्मीले सार्वजनिक गरेको अनुमानित रु ४० करोडको बजेटमध्ये रु २० करोड आसेपासे, नेता, कार्यकर्तालाई रिझाउन टुक्रे, खुद्रे र वितरणमुखी कार्यक्रममा बजेट विनियोजन गरिएको आरोप लगाइएको छ । रु ५० हजारदेखि रु २० लाखसम्मको बजेट विनियोजन गरिएको छ । वितरणमुखी योजना अन्तर्गत ग्याँस चुलो, सोलार, धारा, प्रेसरकुकर, पोशाक, सडकबत्ती, रङ्गरोगन तथा माटो पुरी ग्राभेल गर्ने योजनामा छुटचाइएको छ ।




लामा` प्यासपछि कर्मचारीहरूले रु ५ करोड ४१ लाख र जनप्रतिनिधिहरूले रु १२ करोड आफूहरूले खर्च गर्ने गरी निर्णय गर्दै बजेटमा आफूअनकूल कार्यक्रम समावेश गर्न सफल भएको गापाको बजेट पुस्तिकाबाट पुष्टि हुन्छ । गापाका अध्यक्ष सुरेशप्रसाद कुर्मीले रु २ करोड ६१ लाख खर्च गर्नेगरी भाडबन्डाको योजना ल्याएका छन् । जसमध्ये टावर लाइट खरीदमा रु १५ लाख, औषधि तथा सर्जिकल सामान खरीदमा रु २० लाख, चापाकल खरीदमा रु २० लाख, टावरलाइट खरिदमा रु ६० लाख, सडकबत्ती जडानमा रु १० लाख, ग्याँस चुलो वितरणमा रु १० लाख तथा अन्य योजनामा रु १२ लाख छुटचाएकोमा गाउँलेले आपत्ति प्रकट गरेका छन् ।

उपाध्यक्षले खर्च गर्नेगरी विनियोजित रकममा रु १ करोड ६१ लाखमध्ये वितरणमुखी योजना अन्तर्गत सोलार जडान रु ५ लाख, स्प्रे टङ्की खरीदमा रु ५ लाख, ग्याँस सिलिन्डरमा रु ५ लाख, माटो पुरी ग्रोभेल गर्न रु १० लाख आदि योजना राखेका छन् । त्यसैगरी, कर्मचारीले आफ्नो भागमा पाएको रु ५ करोड ४१ लाखमध्ये नक्कली बिल भरपाई बनाएर खाने योजना अन्तर्गत कार्यालय सञ्चालन गर्न पानी बिजुलीमा रु १० लाख, सञ्चार महसूलमा रु १० लाख, इन्धनमा रु ३० लाख, सवारीसाधन मर्मतमा रु १५ लाख, मेशिनरी तथा औजार मर्मतसम्भारमा रु १० लाख, मसलन्द तथा कार्यालय सामग्रीमा रु २५ लाख, पत्रपत्रिका तथा सूचना छपाइमा रु ३० लाख, सेवा परामर्शमा रु १५ लाख, सूचना प्रणाली सफ्टवेयर खरीदमा रु ५ लाख, कार्यक्रम सञ्चालनमा रु ४० लाख, अनुगमन मूल्याङ्कन खर्चमा रु १६ लाख, विविध खर्चमा रु ३० लाख, सभा सञ्चालनमा रु ५ लाख, उद्धार, राहत तथा पुनर्स्थापना खर्चमा रु २० लाख, सवारीसाधन, मेशिनरी औजार भाडामा रु २ लाख, वडाको प्रशासनिक खर्चमा रु ९ लाख तथा पदाधिकारी पारिश्रमिकमा रु ८२ लाख, कर्मचारी पारिश्रमिकमा रु ८८ लाख छुटचाइएको छ ।

वितरणमुखी योजना अन्तर्गत वडा नं १ मा रु १ करोड ७ लाख, वडा नं २ मा रु ७५ लाख, वडा नं ३ मा रु १ करोड १५ लाख, वडा नं ४ मा रु ८४ लाख, वडा नं ५ मा रु १ करोड २६ लाखको योजना सञ्चालन गर्ने बजेट ती वडाका अध्यक्षहरूले पाएका छन् ।

कार्यपालिका सदस्य विक्रमजीत कलवारले रु २० लाख, मगरीदेवी चमइनले रु २० लाख, देवताली देवीले रु २७ लाख, शान्तिदेवीले रु २० लाख, दीपक सर्राफले रु ४४ लाख आआफ्नो भागमा पाएको बजेट पुस्तिकामा उल्लेख छ ।

## राजीनामा नआउन्जेलसम्म बारको आन्दोलन जारी -दाहाल

प्रस, वीरगंज, ८ मङ्सिर/

नेपाल बार एशोसिएशनका पूर्वअध्यक्ष वरिष्ठ अधिवक्ता हरिहर दाहालले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा नआउन्जेलसम्म बारको आन्दोलन जारी रहने बताएका छन् ।



पर्सा, बारा, रौतहट र उच्च बार वीरगंजको संयुक्त विरोध सभा । तस्वीरः प्रतीक

पर्सा, बारा, रौतहट र उच्च बार वीरगंजको संयुक्त आयोजनामा बुधवार आयोजित विरोधसभामा दाहालले बहालवाला प्रधानन्यायाधीश जबराको राजीनामाको माग एकैपटक नआएको बताए । उनले प्रधानन्यायाधीशविरुद्ध बारमा पटक–पटक कुरा चलेको र यसबारेमा प्रधानन्यायाधीशको ध्यानाकर्षण गराउँदा सुधार नभएकोले अहिलेका विकसित घटनाक्रमसँगै राजीनामाको माग गरिएको बताए ।

प्रधानन्यायाधीश जबरासँग स्वतन्त्र न्यायपालिकाको अपेक्षा गर्ने र गरेका कुनै पनि गुण विशेषताहरू अब बाँकी नरहेको उनले आरोप लगाए ।

प्रधानन्यायाधीश भएर मन्त्रिपरिषद्मा भाग खोजेको, आफन्तलाई नियुक्ति गराउने काम गरेको र कार्यपालिकासँग अनुचित साँठगाँठ गरेको जस्ता घटनाले उनको राजीनामा माग गरिएको बताए । नेपाल बार एशोसिएशनले राजीनामा मागको बुँदागत सत्रवटा कारण सार्वजनिक गरेको र यथावस्थामा माग पूरा नहुन्जेलसम्म आन्दोलन नरोकिने बताए । उनले अहिले मुलुकका सबै अदालत एकजना व्यक्तिको कारण ठप्प हुने अवस्थामा पुगेको र यस्तो कहिले नभएको बताए ।

नेपाल बार एशोसिएशनका केन्द्रीय सदस्य भीम बन्जाराले न्यायालयमा प्रधानन्यायाधीशका कारण असहजता बढेको र राजीनामा दिनुको अर्को विकल्प नभएको बताए ।

उनले आरोपै आरोपको पुलिन्दा बनिसक्दा पनि प्रधानन्यायाधीशले आफ्नो गरिमालाई बुझ्न नसकेको बताए ।

उच्च बार वीरगंजका पूर्वअध्यक्ष अधिवक्ता सुधीर कर्णले प्रजातन्त्र, लोकतन्त्र र अधिकारप्राप्तिका लागि नेपालका कानून व्यवसायीहरू बेलाबखत आन्दोलित हुँदै सडक तताउँदै आए पनि आफ्नै पेशागत सुधारका लागि भने पहिलोचोटि आन्दोलित भएर सडकमा आएको बताए ।

उच्च बार वीरगंजका अध्यक्ष प्रमोद साहको अध्यक्षतामा भएको विरोधसभामा पर्सा बारका अध्यक्ष ओमप्रकाश गुप्ता, बाराका सन्तोष गुप्ता, रौतहटका रामराज यादव, कानून व्यवसायीहरू देवेन्द्र सिंह, विनय सिंह, शिव कोइराला, जुली कर्ण, पन्नालाल गुप्ता, नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यसअघि बिहान १० देखि मध्याह्न १२ बजेसम्म दुई घण्टा प्रधानन्यायाधीशको राजीनामा माग गर्दै धर्ना दिइएको थियो ।

## लोसपा र जसपाको जन्म मधेसमा शोषण गर्न -डा सिके राउत

प्रस, पोखरिया, ८ मङ्सिर/




कार्यक्रममा बोल्दै जनमत पार्टीका अध्यक्ष डा सिके राउत । तस्वीरः प्रतीक

जनमत पार्टीका अध्यक्ष डा सिके राउतले लोकतान्त्रिक समाजवादी पार्टी र जनता समाजवादी पार्टी जस्ता पार्टीहरू बहुरूपी पार्टी भएको आरोप लगाएका छन् ।

पोखरियामा बुधवार आयोजित आमसभामा बोल्दै अध्यक्ष डा राउतले मधेसमा नेपाली काङ्ग्रेस, एमाले र माओवादीको पकड कमजोर भएपछि तिनै पार्टीबाट चोइटिएकाहरूबाट शोषण, दमन गराउन लोसपा, जसपा जन्मेको आरोप लगाए । उनले लोसपा र जसपालाई मधेसका बहुरूपी पार्टीको संज्ञा पनि दिए । यी पार्टीहरू बहुरूपी हुन्, यिनीहरूको विगत उही नेका, एमाले र माओवादी पार्टी हो र नाटकीय ढङ्गबाट मधेसमा शोषणका लागि जन्माइएको मात्र हो भनी आरोप लगाए ।

उनले अहिले मधेसीहरूको अधिकार केही प्राप्त भएको तर सम्पूर्ण अधिकार प्राप्तिका लागि जनमत पार्टी अघि बढिरहेको बताए । डा राउतले २ नं प्रदेशमा मधेसी जनतामाथि शोषण जारी रहेको बताए । मुख्यमन्त्री आफैं भ्रष्टाचारीहरूको नाइके भएको र उनले बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रममार्फत साइकलमा भ्रष्टाचार गरेको र विकासको नाममा २० प्रतिशत मात्र काम गरेर बजेट बाँडीचुँडी खाएको आरोप पनि लगाए । मुख्यमन्त्री मधेसका छोरीप्रति सजग र सचेत भएको भए उनको शासनकालमा बर्सेनि सयौं छोरी बलात्कारको शिकार हुँदा पनि एकजना बलात्कारीमाथि पनि कारबाई किन नगरेको भनी प्रश्न गरे । केन्द्र सरकार मधेसप्रति बफादार छैन तर प्रदेश सरकार गठन भएको चार वर्षमा पनि किन यहाँका युवाहरू रोजगारका लागि भारतलगायत विदेश जानुपरिरहेको छ, उनको जिकिर थियो । डा राउतले मधेसमा खुलेका र खुलिरहेका उद्योगहरूमा यहाँका युवा जनशक्तिलाई भर्ना नगर्नु अनि भारत र पहाडबाट कामदार, कर्मचारीहरू बोलाएर रोजगार दिने कार्यलाई प्रदेश सरकारले रोक्न नसकेको आरोप लगाए । उनले यहाँका उद्योग, कलकारखानामा यहींका युवा जनशक्तिलाई प्राथमिकतामा राखेर रोजगार दिलाउने विषयमा प्रदेश सरकार स्वार्थवश चुकेको दोषारोपण पनि लगाए ।

जनमत पार्टी पर्साका अध्यक्ष डा चन्दन चौहानको अध्यक्षतामा भएको आमसभामा उपाध्यक्षहरू अब्दुल खाँ, अनीता रौनियार, शब्बो खातुन, नगमा खातुन, इन्जिनीयर वसन्त कुशवाहा, युवा अध्यक्ष राजुराज गिरीलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण जिल्ला सचिव विनय यादवले गरेका थिए ।

लिङ्ग पहिचान गरी भ्रूणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## दिवाखाजा नहुँदा विद्यार्थी सङ्ख्या पातलिंदै

प्रमोद यादव, पंचगावाँ, ८ मङ्सिर/

पर्साका ग्रामीण क्षेत्रका सामुदायिक विशेषगरी प्रारम्भिक कक्षा एवं बाल विकासदेखि कक्षा ५ सम्मका विद्यालयहरूमा दिवाखाजा सञ्चालन नहुँदा विद्यालयमा नियमित अध्यनरत गर्ने बालबालिकाको सङ्ख्या घट्दै गइरहेको छ ।



तस्वीरः प्रतीक

पटेर्वासुगौली, सखुवाप्रसौनी, जीराभवानी, जगरनाथपुर, पर्सागढी, धोबिनी, विन्ध्यवासिनी, पोखरिया, बहुदरमाईलगायत १४ वटै स्थानीय तहमा सङ्घीय सरकारबाट लागू भएको दिवाखाजा समयमा सञ्चालन नहुँदा दिवाखाजाको रकम फ्रीज भई खेर जाने गरेको सरोकारवालाहरूले बताएका छन् । विद्यालयमा दिवाखाजा सञ्चालन गर्दा बालबालिकाहरू नियमित विद्यालय आउने गरेको र टिफिन खाने बहानामा घर जाने बानीसमेत रोकिएको थियो ।

कोरोना कहरपछि सामुदायिक एवं सरकारी विद्यालय ढिलो गरी सञ्चालन हुँदा पाठ्यक्रम समयमा पूरा नहुने भएकोले कम समयमा बढी प्रभावकारी शिक्षा प्रदान गर्न विद्यार्थीहरू विद्यालयमा नियमित हुनु जरुरी छ ।

विद्यालयमा दिवाखाजाको व्यवस्था नहुनुमा गापाको शिक्षा शाखा, लेखा शाखा र जनप्रतिनिधिहरू दोषी भएको पटेर्वासुगौली–३ सोनवर्षाका मुना तिवारीले बताइन् ।

## गाँजाकाण्डमा पञ्जियार पक्राउ

प्रस, निजगढ, ८ मङ्सिर/

इलाका प्रहरी कार्यालय, निजगढले कोल्हवी नगरपालिका–६ निवासी ३६ वर्षीय बमभोले भनिने शिवनारायण पञ्जियारलाई हिजो साँझ पक्राउ गरेको छ ।

जीतपुरसिमरा उपमहानगरपालिका–१६ काटघाट मन्दिर जाने कच्ची सडकनजीकको वन क्षेत्रबाट गत असोज ८ गते ८३ किलोग्राम गाँजा बरामद भएको थियो । प्रहरीले त्यत्तिखेर बा.३७प ९६८१ नम्बरको मोटरसाइकल र साइकल बरामद गरे पनि प्रहरीलाई देखेर मोटरसाइकल चालक फरार हुन सफल भएका थिए । मोटरसाइकलधनी पञ्जियार रहेको अनुसन्धानबाट खुलेपछि हिजो उनलाई पक्राउ गरिएको इप्रका, निजगढका प्रहरी नायब निरीक्षक सञ्जयकुमार यादवले बताए । हिजो पञ्जियारलाई कोल्हवी नपा–६ सडकखण्डबाट पक्राउ गरेको र थप अनुसन्धान भइरहेको उनले बताए ।

### विचारसार एवं सूक्तिहरू

**सुख चाहनेले राति जागा नबस्नू, शान्ति चाहनेले दिउँसो नसुत्नू, सम्मान चाहनेले व्यर्थ नबोल्नू र माया चाहनेले आफ्नालाई नछोड्नू ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## करको करकर

**देशले कर सप्ताह मनाइरहँदा, विभिन्न जिल्ला, देश र ठाउँठाउँमा करदातालाई सम्मान गरिरहेको छ । नागरिकस्तरबाट पनि कर सप्ताहको सम्मानस्वरूप रक्तदानलगायत कार्यक्रमहरू सम्पन्न भइरहेका छन् । खासमा यी सब तामझामपछाडि करको परिमाण बढोस्, करदाताहरू खुलेर कर तिरून् भन्ने नै हो । कर भनेको राज्य सञ्चालनका लागि सरकारलाई दिने रकम हो । नागरिकले राज्यबाट सुरक्षा, स्वास्थ्य, शिक्षालगायत विभिन्न सुविधा पाएको हुन्छ । सरकारप्रदत्त सुविधा उपभोग गरेर धेरै मानिस असाध्य धनी भएका हुन्छन्, विभिन्न कारणले मानिसहरू निर्धन र विपन्न हुन्छन् । धेरै कारणहरूले गर्दा मानिसले राज्यबाट अपेक्षित अवसर पाउन सक्दैनन् । तर कर तिर्ने धनी नागरिक र अवसर नपाएर गरीब भएका नागरिकबीच राज्यले कम्तीमा प्राथमिक आवश्यकताको सवालमा भेद हुन दिनुहुँदैन । आफ्नो आवश्यकताका सबै सामल धनी व्यक्तिले खरीद गर्न सक्छ, गरीबले सक्दैन । स्वास्थ्य, शिक्षाजस्ता कुरामा सबैको पहुँच होस् भन्नका लागि र अन्यान्य व्यवस्थाका लागि सरकारलाई पैसा चाहिन्छ, जसको पूर्ति उसले विभिन्न किसिमका करहरू लगाएर गर्दछ । त्यसमध्ये आयकर प्रमुख हो ।**

**व्यक्तिले आय गर्नुमा उसको मात्र लगानी हुँदैन । राज्यले पनि सहयोग र अवसर पुऱ्याएको हुन्छ । त्यसैले व्यक्तिले कमाएको आयमा सरकारको हक हुन्छ । केही कर प्रत्यक्ष हुन्छ र केही अप्रत्यक्ष । अप्रत्यक्ष कर– भ्याट, बिक्री करका रूपमा सबैले तिरिरहेका हुन्छन् । प्रत्यक्ष कर भने हुँदाखाँदाले मात्र तिर्छन् । त्यसैले सरकारले करमा ज्यादा ध्यान दिन्छ । करकाप, सम्मानजस्ता प्रलोभन देखाएर सरकारले नागरिकलाई कर तिर्न बाध्य पनि पार्छ र आकर्षित पनि गर्दछ । हामीकहाँ आयकर लुकाउने ठूलो कमजोरी छ । त्यसमा व्यक्ति जति दोषी छ, सरकारी संयन्त्र पनि त्यतिकै वा त्योभन्दा बढी दोषी छ । व्यक्तिले एकपटक आयकर तिरेपछि उसको भोलि तिर्न सक्ने क्षमता नहुन सक्छ । तर सरकारी संयन्त्रले त्यस कुराको खोजबीन गर्दैन, हिजो तिरेको तिरो आज पनि तिर्नुपर्छ भन्ने लित्ती कस्छ । जसले गर्दा नयाँ करदाता चाहेर पनि कर तिर्ने मनस्थिति बनाउन सक्दैन । उता सरकारी संयन्त्र पनि सबैले कर तिरून् भन्ने उद्देश्यले काम गर्दैन । सरकारले कर उठाउने कार्यालयहरूलाई ठेक्काजस्तो दिएको हुन्छ । यस आर्थिक वर्षको लक्ष्य यति भनेर । त्योभन्दा थोरै हुनुहुँदैन, बढी भएपनि बेस नभए पनि बात लाग्दैन । हुनु के पर्दछ भने कर असुल्ने निकायहरूले सबैसँग नियमानुसार कर उठाउने पहल गर्नुपर्दछ । यसले नागरिकलाई राज्यको काममा सरोकार रहन्छ । र सरकारप्रति नागरिक दायित्व; समर्थन वा विरोध, मा संलग्न हुन पुग्छ र परिणामस्वरूप सरकार जनउत्तरदायी बन्दछ । ठेक्का वा लक्ष्य निर्धारण गर्दा कर तिर्नेसँग करको परिणाम बढाउँदै जाने, करको दायरा फराकिलो नपार्ने अनुत्तरदायी काम सरकारी संयन्त्रले गरिरहेको हुन्छ भने सरकार पनि अपुग रकमका लागि कर दर बढाउँछ, दायरा फराकिलो पार्दैन ।**

**कर दिवस वा सप्ताहको उद्देश्य करको दायरा फराकिलो बनाउनु हुनुपर्दछ । कर तिर्ने योग्य तर नतिरिरहेको नागरिकलाई यस अवसरमा प्रोत्साहित गर्नुपर्दछ । नयाँ करदाता बनेकालाई सम्मेलन गरेर सम्मानित गर्नुपर्दछ । प्रत्येक मध्यमवर्गीयसम्म पुग्न सक्नुपर्दछ । कर पहिलोपटक तिर्दा अप्ठ्यारो हुन्छ, दोस्रोपटक बानी पर्छ भन्ने करको सर्वमान्य सिद्धान्त हो । एकपटक यस्तो पनि गरिहेर्ने हो कि !**

# आगो र प्लास्टिकको उपयोगबारे

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**देशमा बिजुलीको अभाव हुँदा भारतबाट बिजुली ल्याइन्थ्यो । केही वर्षकै अन्तरालमा बिजुली उत्पादनमा नेपालले फड्को मारेको छ । निर्माणाधीन विद्युत् गृहहरूबाट विद्युत् उत्पादन हुन थाल्ने हो भने निकै उपलब्धता हुने निश्चित छ । अब नेपाल नै भारततिर बिजुली पठाउन थालेको छ ।**

आगो त आविष्कार नै मानवको लागि। आगोको आविष्कारको विषयमा विज्ञान र पुराणका दुई मत रहेका छन्। यसबारे यहाँ बहस गर्नु आवश्यक छैन तर आगोको उपयोगको विषयमा भने अब नयाँ किसिमले सोच्नुपर्ने समय आउँदैछ।

आगो हामी जताततै बालिरहेका छौं। यसरी हेऱ्यौं– हाम्रो दैनिक जीवन व्यवहारमा आगोको उपयोग कसरी भइरहेको छ। हरेक दिन चिया र खाजा पकाउन, खाना पकाउन तथा अन्य काममा पनि आगोको उपयोग भइरहेको छ। गाउँटोलको फोहोर कतै थुपारिएको छ भने सबैभन्दा सजिलो हुन्छ आगो बालेर डढाइदिनु। यस्तै विभिन्न घरेलु उद्योगहरूमा पनि आगोको उपयोग भइरहेको छ। मुख्यगरी अहिले ईंटा उद्योगमा आगोको उपयोग भइरहेको देखिन्छ।

अहिले दाउराको उपयोग पहिलेको तुलनामा कम भएको अवश्य हो तर घटेको हो, हटेको होइन। अहिले पनि हरेक दिन जङ्गलबाट दाउरा ओसार्ने धेरै भेटिन्छन्। दाउरा ओसार्नेहरूले बाल्नकै लागि उपयोग गरेको हुनुपर्छ। भान्छामा बाले पनि वा अन्य काममा दाउराको उपयोग गरे पनि दाउराको उपयोग बालेरै हुन्छ।

भान्छामा एलपी ग्याँसको प्रयोग बढेको छ। दाउरा बाल्दा वन विनाश तथा रूखहरूको जीवन सङ्कटमा पर्ने डर हुन्छ भने एलपी ग्याँसको प्रयोग गर्दा देशमा यसको उत्पादन हुँदैन। देशमा उत्पादन नहुँदा विदेशबाट मगाउनुपर्छ अर्थात् किन्नुपर्छ। स्वदेशमा दाउरा उत्पादन त हुन्छ तर यसले वातावरणमा गम्भीर असर पुऱ्याउने डर हुन्छ।

यहाँ विचारणीय र विशेष महत्त्वको पक्ष के छ भने दाउरा बाले पनि वा एलपी ग्याँस बाले पनि बल्ने त आगो हो। घुर बालेर, उद्योग चलाएर, भान्छामा तथा अन्य उपयोगमा आगोको उपयोग अहिले जसरी भइरहेको छ, यसले वातावरणमा धेरै नकारात्मक प्रभाव परिरहेको छ। यसको विकल्पबारे चर्चा चल्न थालेको पाइएको छ।

अहिले नेपालमा जति विद्युत् उत्पादन भइरहेको छ, त्यति खपत हुन नसकेकोले घर, उद्योग तथा सिंचाइ र अन्य काममा विद्युत् उपयोग बढाउने सुझाव आइरहेका छन्। दाउरा बाल्दा वा एलपी ग्याँस बाल्दा, बल्ने आगो हो तर, विद्युत्को आगो धेरै किसिमले फलदायी हुने बताउन थालिएको छ। पहिलो कुरो त आफ्नो देशको उत्पादन खपत हुने र अर्को अन्य किसिमको आगोको तुलनामा यसबाट निकै कम प्रदूषण हुन्छ। प्रदूषण नियन्त्रण गर्न सजिलो हुने, देशको पैसा बचाउन सकिने तथा स्वास्थ्य पनि राम्रो हुने विश्लेषण गरिन थालिएको छ।

केही वर्ष पहिलेसम्म नेपालमा लोडसेडिङ थियो। देशमा बिजुलीको अभाव थियो। भारतबाट बिजुली ल्याइन्थ्यो। केही वर्षको अन्तरालमा बिजुलीको उत्पादनमा नेपालले फड्को मारेको छ। अहिले निर्माणाधीन विद्युत् गृहहरूबाट विद्युत् उत्पादन हुन थाल्ने हो भने निकै उपलब्धता हुने निश्चित छ। अब त नेपालले नै भारततिर बिजुली पठाउन शुरू गरिसकेको छ। अब नेपालले भारतलाई बिजुली बेच्न शुरू गरिसकेको र बिस्तारै बङ्गलादेशलाई पनि बिजुली बेच्न शुरू गर्ने कुरो समाचारहरूमा आएका छन्। बिजुली बेचेर नेपालले राम्रो आम्दानी गर्ने कुरामा अहिले नेपालीहरू विश्वस्त हुन थालेका छन्। एकातिर बिजुलीको उत्पादन पर्याप्त भएको तथा अर्कोतिर बिजुलीको आपूर्ति करीब–करीब नियमित भइसकेको अहिलेको अवस्थामा बिजुलीको उत्पादन भविष्यमा अझ धेरै बढ्दै छ भन्ने कुरा पत्याउन सजिलो भएको छ। यद्यपि बिजुलीको खपत देशमा नै बढाउनुपर्ने र नेपालीले पाउने बिजुली सस्तो हुनुपर्ने माग पनि उठिरहेको छ।

यस महीनादेखि नेपालमा बिजुलीको भाउ केही घटेको छ। सबैतिर अधिकांश कुराको भाउ बढिरहेको समयमा नेपालमा बिजुलीको भाउ कम हुनु खुशीको कुरा हो। बिजुलीको भाउ कम भएको र यसै समयमा केही अघि पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि भएको अवस्था छ। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा निरन्तर वृद्धि भइरहेकोले त्यसैको असरले नेपालमा पनि यसको मूल्य वृद्धि भएको हो भन्ने कुरामा धेरैको असहमति नहोला, किनभने छिमेकमा हाम्रोभन्दा महँगो छ। पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि हुनु र बिजुलीको भाउमा कटौती हुनु संयोग मात्र हुन सक्ला तर यसले केही हदसम्म भए पनि बिजुलीको उपयोग बढाउनुपर्छ भन्ने कुरालाई बहसमा ल्याइदिएको छ।

हो, बिजुलीको उपयोग बढाउनुपर्छ भन्ने कुरामा सबैको एकमत छ। अहिले सरकारले एलपी ग्याँसमा अनुदान दिइरहेको भनिन्छ। एलपी ग्याँसमा अनुदान दिनुभन्दा बिजुलीको उपयोगमा अनुदान बढाउनु धेरै राम्रो हुनेछ। किनभने बिजुली उत्पादनमा नेपाल धनी देश बन्ने सम्भावना छ। बिजुलीको उत्पादन अहिले पर्याप्त भइसकेको र हरेक दिन उत्पादित बिजुली खेर गइरहेकोले अझ सस्तो बनाउन सकिए धेरै मानिस भान्छामा एलपी ग्याँसको सट्टा बिजुलीको उपयोग बढाउन सक्छन्। अहिलेको भन्दा बिजुली अझ सस्तो भयो भने बिजुलीबाट चल्ने चुलोको खरीदतिर सर्वसाधारण आकर्षित हुन थाल्छन्। यस्तो समयमा बिजुलीबाट बल्ने चुलो पनि बजारमा सस्तो र सर्वसुलभ हुन सके सर्वसाधारणलाई ग्याँस चुलो र एलपी ग्याँस किनिरहनुपर्दैन। सर्वसाधारणले एलपी ग्याँस किन्दा एकैपटक धेरै रकम तिर्नुपर्दछ र एक सिलिन्डर एलपी ग्याँस जति दिन चल्दछ, त्यसको तुलनामा बिजुली यदि सस्तो हुन्छ भने सर्वसाधारणलाई दोहोरो फाइदा हुन्छ। सर्वसाधारणले चाहेको पनि यही हो।

अझै कतिपयले बिजुली भरपर्दो हुन नसकेको बताइरहेका छन्। कहिलेकाहीं लाइन जाने समस्या अहिले पनि छ। गृहिणीहरूको गुनासो छ कि साँझमा अहिले पनि कहिलेकाहीं एक छिनको लागि लाइन जान्छ। यदि खाना पकाउने बेला लाइन गयो वा चिया पकाउँदा पकाउँदै लाइन गयो भने फेरि ग्याँस बाल्नुपर्छ। ग्याँस बाल्दा नबाल्दै लाइन आइपुग्छ। यस किसिमले लाइन आउनेजाने समस्या हुँदा भान्छामा मात्र होइन, धेरै किसिमका विद्युतीय सामग्रीमा पनि प्रतिकूल असर पर्छ। यद्यपि यस प्रकारको समस्या बिस्तारै कम हुँदैछ र आशा गर्न सकिन्छ कि अब ट्रिपिङ समस्या रहने छैन।

भरपर्दो लाइन भएमा बिस्तारै बिजुलीको उपयोग बढ्ने कुरामा दुईमत नहोला। बिस्तारै सवारी साधन पनि विद्युत्बाट चल्ने हुँदै जानेछ। विद्युत्बाट चल्ने सवारी साधनको उपयोग बढ्न थाल्छ भने बिजुलीको खपत बढ्छ, निरन्तर भाडामा जुन किसिमले वृद्धि भइरहेको छ त्यसमा धेरै हदसम्म विराम लाग्छ, यसले गर्दा महँगी नियन्त्रणमा सजिलो हुन्छ, देशको धेरै पैसा जोगिन्छ जसले गर्दा देश विकासको नयाँ आयाम शुरू हुन्छ। बिजुलीको उपयोग बढेमा निस्सन्देह दाउराको उपयोग पनि कम हुन्छ तथा धूवाँबाट धेरै गृहिणीको स्वास्थ्यमा पर्ने कुप्रभाव कम गर्न र वायु तथा वातावरणीय प्रदूषण कम गर्न सहयोग पुग्ने कुरामा विश्वस्त हुन सकिन्छ।

आगोले गर्मी बढाउने, प्रदूषण बढाउने जसले विश्वव्यापी तापक्रममा सहयोग पुग्छ। यसको साथै जताततै प्लास्टिक फालिएको देखिन्छ। प्लास्टिकलाई पनि बालेरै डढाउने गरिएको छ। सम्भव भएसम्म प्लास्टिकलाई बाल्नै नपर्ने अवस्था सिर्जना गर्नुपर्छ। प्लास्टिकको झोला र अन्य सामग्री जताततै फालेको देखेर मनै खिन्न भएर आउँछ। जल प्रदूषण र धरती प्रदूषणमा प्लास्टिकको योगदान बढ्दै गएको छ।

अहिलेको समयमा प्लास्टिकको उपयोग निर्बाध भइरहेको छ। कस्तो प्लास्टिकको उपयोग गर्नुपर्ने वा कस्तो उपयोग गर्दा हानि हुन्छ भन्ने कुरामा समाज गम्भीर हुन सकेको छैन। प्लास्टिकले पनि प्रदूषण बढाइरहेको र यसले भविष्यमा गम्भीर असर पर्ने देखिएको छ। यस विषयमा समाजले बहस गर्न ढिलो नगरेको राम्रो !

वर्तमान अवस्थामा परम्परागत आगोको उपयोगको ठाउँमा सम्भव भएसम्म बिजुलीको आगोले काम चलाएको राम्रो। अझ सम्भव छ भने सबै किसिमका सवारी साधनमा हामी आफ्नै देशमा उत्पादित बिजुलीको उपयोग बढाउनतिर गम्भीरतापूर्वक लाग्नुपर्ने समय आएको छ। यो हाम्रो आवश्यकता हो र यस दिशातिर समाजलाई अग्रसर गराउनुपरेको छ।

# २२ जना छात्रालाई साइकल वितरण

प्रस, पंचगावाँ, ८ मङ्सिर/

सखुवाप्रसौनी गाउँपालिका–५ स्थित जानकी राजेश पडित आधारभूत विद्यालय महुवनमा अध्ययनरत छात्राहरूलाई साइकल वितरण गरिएको छ।

बुधवार कक्षा आठमा अध्ययनरत २२ जना छात्रालाई प्रदेशसभा सदस्य अब्दुल रहिम मन्जुर अन्सारीले साइकल वितरण गरेका थिए। उक्त अवसरमा उनले मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रम अन्तर्गत साइकल वितरण गरिएको र यो अभियानले छात्राहरूलाई विद्यालय नियमित गराउनुका अतिरिक्त अन्य सुविधाहरू प्राप्त हुँदै आएको दाबी गरे। उनले शिक्षा देश विकासको प्रमुख मेरुदण्ड भएकोले सबै अभिभावकलाई बालबालिकाहरूलाई समानरूपमा शिक्षा प्रदान गर्न आग्रह पनि गरे। उनले विद्यार्थीहरूलाई विद्यालयका अलावा घरमा पनि नियमितरूपमा अध्ययन गर्न सुझाए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेश पडितको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानाध्यापक रामदिनेश पडित, वडाध्यक्ष रूपलाल यादव, शिक्षक मुकेश यादव, प्रमिला देवी, शोभा रौनियारलगायत स्थानीय भद्रभलादमीहरूको सहभागिता थियो। कार्यक्रमको सहजीकरण शिक्षक दीपेन्द्र यादवले गरेका थिए।



तस्वीरः प्रतीक

## लेखकसँग बेमन सहमति

पाठक प्रतिक्रिया

७ गते प्रतीकमा विनोद गुप्ताको लेख 'कोप २६ र नेपालको प्रतिबद्धता'मा उल्लेख भएका कुरासँग विमति राख्दाराख्दै सहमत हुनैपर्छ। तर दृश्यको अर्को पाटो पनि छ। जब मान्छे सिकिस्त बिरामी हुन्छ, चिकित्सकले भेन्टिलेटरमा राखिदिन्छ। राजा महेन्द्रले पूर्व–पश्चिम राजमार्ग बनाएर केवल भेन्टिलेटर झिकिदिएका हुन्। बिमारी बनाउने असली दोषी त भारत हो। अझ भनौं, लन्डन हो। जेम्स वाटले रेल के बनाए, त्यसको भोग भारतले भोग्यो। कल्पना गर्नुस् त, जब बुद्ध एक गाउँबाट अर्को गाउँ जान्थे, जङ्गलमा अङ्गुलीमालसँग जम्काभेट हुन्थ्यो। पत्याउन गाह्रो छ कि जुन चारधामको यात्रा सिध्याउन आज १० दिन पनि लाग्दैन, पहिले जीवन नै बित्दथ्यो। मान्छे आफ्नो क्रियाकर्म गरेर रवाना हुन्थे।

वर्णाश्रमको अन्तिम चरण वानप्रस्थ, वन जाने व्यवस्था थियो। के आज त्यसको कल्पना गर्न सकिन्छ ? राजा महेन्द्रले भेन्टिलेटर हटाए आज ब्रजीलले अमेजनको फोक्सो काटेर हटाउँदै छ। यिनीहरू नै ग्लास्गो पनि पुग्छन्। मृत्यु रेलगाडी चढेर आइरहेको छ। हामी पैदल भागिरहेका छौं। कसरी बाँच्न सकिन्छ ?

जहाँसम्म नेपालको प्रतिबद्धताको सवाल छ, त्यस्तो कुन सम्झौता छ, जसमा नेपालको प्रतिबद्धता छैन ? दलित अधिकार, मजदूर अधिकार, जनजाति अधिकार, महिला अधिकार र सशक्तीकरण। के तपाईंलाई थाहा छ, यीमध्ये कुनमा नेपालको सही र स्वीकृति छैन ? प्रतिबद्धता गर्ने नगर्ने आफ्नो हातमा छ। गरे पनि नगरे पनि जब राजा महेन्द्र डराएनन् भने उनैबाट प्रशिक्षित नेपाल किन डराउने ? जय देश, जय नेपाल, जय नरेश, जय हिमताल।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# आर्थिक पुनरुत्थान गर्न निजी क्षेत्रसँग हातेमालो आवश्यक छ -अर्थमन्त्री

काठमाडौं, ८ मङ्सिर/रासस

अर्थमन्त्री जनार्दन शर्माले आर्थिक पुनरुत्थानका लागि निजी क्षेत्रसँग हातेमालो गर्न तयार रहेको बताएका छन्।



तस्वीर: रासस

बुधवार नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज)ले राजधानीमा आयोजना गरेको कार्यक्रममा मन्त्री शर्माले सार्वजनिक–निजी साझेदारीमा निजी क्षेत्रले पूर्वाधार निर्माणमा समेत हात हाल्नुपर्ने र यसमा सरकारले सघाउने विश्वास दिलाए।

आर्थिक पत्रकार सम्मान केशव गौतमलाई तथा आर्थिक जर्नल 'अर्थचित्र' विमोचन गर्दै मन्त्री शर्माले कोभिड–१९ पछि खस्किएको अर्थतन्त्रलाई पुनः लयमा फर्काउन तथा विकास निर्माण तथा आर्थिक समृद्धिलाई गति दिन सरकार निजी क्षेत्रसँग सँगसँगै हिंड्न तयार रहेको बताए।

उनले मुलुकको अर्थतन्त्र मजबूत बनाउनै लागि भएपनि सरकारले निजी क्षेत्रको साथ चाहेको उनको भनाइ थियो। "मुलुकको अर्थतन्त्रको पुनरुत्थान तथा विकासका लागि सार्वजनिक–निजी क्षेत्रको साझेदारी तथा निजी क्षेत्रको सहभागिता महत्त्वपूर्ण रहँदै आएको छ। यसको वातावरण बन्नेमा म विश्वस्त छु," उनले भने, "निजी क्षेत्रको विकासका लागि पनि सरकारले सोचिरहेको छ। निजी क्षेत्रलाई सहुलियत दिने सन्दर्भमा, सहजीकरण गर्ने सन्दर्भमा सरकार सधैं तयार छ। सहुलियत कहाँ–कहाँ दिन सकिन्छ, त्यो सरकारले तयारी गरिरहेको छ। मैले त्यो गम्भीरतापूर्वक लिएको छु।"

सो अवसरमा मन्त्री शर्माले मुलुकको अर्थतन्त्रको आकार निकै सानो भएकाले सबै क्षेत्रलाई एकैपटक उठाउन नसकिने र त्यो सम्भव पनि नभएकाले क्रमशः विकास गर्दै जानुपर्नेमा जोड दिए। "हाम्रो पूँजी निकै सानो आकारको छ। यसले सामाजिक, आर्थिक, पूर्वाधारका क्षेत्र, स्वास्थ्य शिक्षाको क्षेत्रको विकासका लागि अर्थतन्त्र विकासमा जोड दिनुपर्नेछ," उनले भने, "यसका लागि सरकारी–निजी साझेदारीको अहम् भूमिका रहन्छ।" उनले विकास निर्माणमा निजी क्षेत्रलाई पनि सहभागी गराउने उद्देश्यले सरकारले तयारी गरिरहेको जानकारी गराए।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीले मौद्रिक नीतिको व्यवस्था सिडी रेसियोकै कारण मुलुकको वित्तीय क्षेत्र गलत दिशातर्फ जानबाट बचेको बताए। "सिडी रेसियो (कर्जा निक्षेप अनुपात) कार्यान्वयन गरेर वित्तीय संस्था बचाएका छौं। मुलुकको वित्तीय सही दिशामा रहन मदत पुगेको छ," उनले भने, "यसले केही सीमित समूहलाई नकारात्मक प्रभाव परेको हुन सक्छ तर त्यसलाई हेरेर हुन्न, हामीले समग्र अर्थतन्त्रलाई हेर्नुपर्छ।" गर्भनर अधिकारीले आर्थिक पुनरुत्थानमा सार्वजनिक–निजी साझेदारी अपरिहार्य रहेको बताए। "स्पष्ट पोलिसी, योजनाको कार्यान्वयन र निजी क्षेत्रको सहभागिता देश विकासका लागि महत्त्वपूर्ण छ," उनले भने, "सरकारले निजी क्षेत्रलाई नीतिगत व्यवस्थामा वा अन्य उपायले व्यावसायिक सहजीकरण गरिदिनुपर्छ भने निजी क्षेत्रले पनि सरकारलाई साथ दिनुपर्छ।"

यस्तै, कार्यक्रममा त्रिभुवन विश्वविद्यालय केन्द्रीय अर्थशास्त्र विभाग प्रमुख प्राडा शिवराज अधिकारीले सरकार र निजी क्षेत्र एकअर्काका लागि परिपूरक भएको बताए। "सरकारले निजी क्षेत्रलाई सहजीकरण गरिदिनुपर्छ र निजी क्षेत्रले सहयोगी तथा साझेदारीको रूपमा सरकारलाई सहयोग गर्नुपर्छ," उनले भने, "सरकार र निजी क्षेत्रबीचको असमझदारीको खाडल पुर्न सकियो भने विकास सम्भव छ, आर्थिक पुनरुत्थान सम्भव छ।"

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) बाट प्राप्त हुन लागेको सहयोग लिनुपर्नेमा जोड दिए। उनले एमसिसी देशका लागि आवश्यक रहेको भन्दै विकासमा प्रमुख रोल खेल्ने हुँदा स्वागत गर्नुपर्नेमा जोड दिए।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले कोभिड–१९ को प्रभावले मुलुकको अर्थतन्त्रमा समस्या पारेको भन्दै नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत सम्बोधन गर्नुपर्नेमा जोड दिए। उनले अहिले बजारमा तरलता (लगानीयोग्य रकम) अभावको समस्या देखिएको भन्दै तत्काल बैंकले सो समस्याको सम्बोधन गर्नुपर्नेमा जोड दिए।

# ९७४ मा आधारित सिमकार्ड बिक्री रोक्न निर्देशन

काठमाडौं, ८ मङ्सिर/रासस

नेपाल दूरसञ्चार प्राधिकरणले नेपाल टेलिकमलाई ९७४ रेन्जका सिमकार्ड बिक्री वितरणमा रोक लगाउन निर्देशन दिएको छ। गत कात्तिक २९ गते बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम)ले अनुमतिविना ९७४ मा आधारित जिएसएममा आधारित नम्बर बिक्री वितरणमा रोक लगाउन निर्देशन दिएको हो।

टेलिकमले यसअघि सिडिएमएमा प्रयोग हुँदै आएको ९७४ र ९७६ रेन्जमा आधारित नम्बरलाई जिएसएममा रूपान्तरण गरी सिमकार्ड बिक्री शुरू गरेको थियो। त्यसमध्ये ९७४ मा आधारित भएर जिएसएम सेवा दिने




विषयमा प्राधिकरणबाट स्वीकृति नलिएकाले तत्कालै उक्त कार्य बन्द गर्न निर्देशन दिइएको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए।

उनका अनुसार सञ्चालक समितिले टेलिकमले स्वीकृतविना नम्बर वितरण गरेकाले एकपटकका लागि सचेत गराउने र आगामी दिनमा सोही प्रकारका कार्य गरेमा दूरसञ्चार ऐन, २०५३ बमोजिम कारबाही हुनेछ। यस्तै, सञ्चालक समितिले टेलिकमलाई पुनः नम्बर परिवर्तन गर्दा ग्राहकमा पर्न जाने असरलाई मध्यनजर गर्दै ९७४ बाट हाल वितरण भइसकेको नम्बरको अलावा थप नम्बर वितरण नगर्न निर्देशन दिएको हो।

नम्बर प्रयोगकर्तालाई वितरण भएपश्चात् उक्त नम्बर दीर्घकालीनरूपमा प्रयोग हुने भएकाले अस्थायीरूपमा प्रदान गरिएको नम्बरिङ रेन्ज ९७६ स्थायीरूपमा प्रदान हुनेछ। सिडिएमए प्रविधि बन्द गर्ने तयारीमा रहेको टेलिमकले गत साउनदेखि सिडिएमएबाट जिएसएममा रूपान्तरण हुन ग्राहकलाई प्रोत्साहित गरिरहेको छ। नेपालमा हाल करीब तीन लाख २० हजार सिडिएमए प्रयोगकर्ता छन्।

## फाइभजी परीक्षणको जिम्मा

प्राधिकरणले नेपाल टेलिकमलाई फाइभजीको परीक्षण सेवा सञ्चालन गर्न अनुमति दिएको छ। कातिक २९ गते बसेको प्राधिकरण बोर्डले 'फाइभजीलगायत नयाँ प्रविधिको परीक्षणसम्बन्धी कार्यविधि, २०७८' बमोजिम हुने गरी टेलिकमलाई फाइभजीको ट्रायलका लागि स्वीकृति दिने निर्णय गरेको हो।

परीक्षणका लागि आवश्यक पर्ने उपकरण जडान कार्य सम्पन्न गरी प्राधिकरणलाई जानकारी गराउने शर्तमा थप फ्रिक्वेन्सी ब्यान्डविथ आवश्यक भएमा पछि उपलब्ध गराइने गरी हाललाई २६०० मेगाहर्ज ब्यान्डमा २५००–२५६० मेगाहर्ज फ्रिक्वेन्सी ब्यान्डविथ एक वर्षका लागि निश्शुल्क प्रदान गर्ने निर्णय गरेको हो।

# दुई दिने क्षमता स्वमूल्याङ्कन प्रशिक्षण

प्रस, सेढवा, ८ मङ्सिर/

पटेर्वासुगौली गाउँपालिकामा बुधवारदेखि स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनसम्बन्धी दुई दिने प्रशिक्षण कार्यक्रम शुरू भएको छ।




पालिकाको आयोजनामा वडा नं ४ स्थित नेरा आधारभूत विद्यालय फरहदवामा प्रशिक्षण कार्यक्रम शुरू भएको छ।

कार्यक्रममा प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन कतिको प्रभावकारी भएको छ सोको मूल्याङ्कनसम्बन्धी प्रशिक्षण प्रदान गरिने प्रमुख प्रशासकीय अधिकृत सन्देश यादवले बताए।

प्रशिक्षणमा स्वमूल्याङ्कन सिकाइ व्यवहारमा ल्याउनुपर्ने गापा उपाध्यक्ष ममता महतोले बताइन्। उनले कार्यक्रम सञ्चालनमा केही त्रुटि भए आगामी आर्थिक वर्षमा सच्याउँदै जिल्लाको नमूना गापा बनाउन सहभागीहरूलाई आग्रह गरिन्। उनकै अध्यक्षतामा भएको कार्यक्रममा कार्यपालिका सदस्य तथा गापाका विभिन्न शाखाका प्रमुखहरूको सहभागिता छ। सहभागीहरूलाई शिक्षा शाखा प्रमुख शम्भु साह र सूचना प्रविधि शाखाका प्रमुख शोलेन्द्र पञ्जियारले प्रशिक्षण दिइरहेका छन्।

# सन्दर्भ विश्व मधुमेह दिवस : मधुमेहको आँखामा असर

काठमाडौं, ८ मङ्सिर/रासस

तिलगङ्गा आँखा प्रतिष्ठानले 'मधुमेह सेवाको पहुँच : अहिले नभए कहिले' मूल भावका साथ मधुमेहको आँखामा असरसम्बन्धी सचेतना सप्ताहका रूपमा विशेष कार्यक्रमका साथ मनाएको छ।

यस अन्तर्गत मधुमेहको आँखामा असरसम्बन्धी जनचेतना फैलाउनका लागि अस्पतालको हाताभित्र जानकारीमूलक विभिन्न सामग्री वितरण, आमसञ्चारका विभिन्न माध्यममा सामग्री प्रचारप्रसार




तथा मधुमेहका बिरामीलाई निश्शुल्क उपचार सेवा प्रदान गरिएको प्रतिष्ठानले बुधवार जनाएको छ। यस अन्तर्गत ९९ जनाले निश्शुल्क परीक्षण र १५ जनाले विशेष उपचार (लेजर थेरापी र अभास्टिन इन्जेक्शन) सेवा लिएका छन्।

अन्तर्राष्ट्रिय मधुमेह सङ्घका अनुसार संसारभर ४६ करोड ३० लाख मानिस मधुमेहबाट ग्रसित छन्। अन्धोपन, खुट्टा काट्नुपर्ने अवस्था, हृदयरोग, मिर्गौलाले काम नगर्ने अवस्था र असामयिक निधनको प्रमुख कारणका रूपमा मधुमेह देखिएको प्रतिष्ठानद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

हरेक तीनमध्ये एकजना मधुमेहका बिरामीमा आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारले दृष्टिमा क्षति बेहोर्नुपर्ने अवस्था देखिएको छ। मधुमेह लागेका व्यक्तिमा हृदयरोगको जोखिम सामान्य मानिसमा भन्दा तीन गुना बढी हुन्छ। मिर्गौलाले काम नगर्ने जोखिम मधुमेहका बिरामीमा १० गुना बढी हुन्छ।

संसारभर प्रत्येक ३० सेकेन्डमा कुनै एक मधुमेही व्यक्तिले आफ्नो खुट्टा गुमाइरहेका छन्। प्रत्येक दुईमध्ये एक वयस्कमा मधुमेह रोगको निदान भएको छैन। मधुमेह, सन्तुलित आहार, नियमित




व्यायाम, नियमित स्वास्थ्य परीक्षण, तनाव व्यवस्थापन र औषधोपचारका माध्यमबाट सजिलै ५० प्रतिशतभन्दा बढीमा रोकथाम गर्न सकिने प्रतिष्ठानले जनाएको छ।

मधुमेह भएको २० वर्षमा पहिलो प्रकारको करीब सबै र दोस्रो प्रकारको मधुमेहमा करीब दुई तिहाइ बिरामीको आँखाको पर्दा अर्थात् रेटिनामा असर परिसकेको हुन्छ।

संसारमा कुल अन्धोपनमध्ये चार दशमलव आठ प्रतिशत अन्धोपन यही डायबेटिक रेटिनोपेथीका कारणले हुने गरेको र आँखामा मधुमेहले पार्ने असरबारे जनचेतनाको अभावले गर्दा बिरामी निकै ढिला अस्पताल आउने गरेको पाइएको छ। मधुमेहको आँखामा असर 'डायबेटिक रेटिनोपेथी'सम्बन्धी जनचेतना जगाउन सन् २०१४ देखि नै विश्व मधुमेह दिवसका अवसरमा प्रतिष्ठानले 'डायबेटिक रेटिनोपेथी दिवस' मनाउँदै आएको छ।



**धान स्याहार्न व्यस्त किसान** : गुल्मीको इस्मा गाउँपालिकामा धान झाट्दै किसान। मङ्सिर शुरु भएसँगै किसानहरु धान स्याहार्न व्यस्त रहेका छन्। तस्वीर: रासस

# रामदेवको सेवामा



मन्तव्य

कुमार रुपाखेती

**सरकारमा बस्नेहरूको छेपारे प्रवृत्ति देख्दा त नेपाल कानूनी राज्य हो भन्ने भरोसा नै लाग्न छाडिसक्यो । देशको युवाशक्ति धमाधम बाहिरिने र रामदेव जस्ता खप्पिस भित्रिनाले यो मुलुकको विकास कसरी होला ?**

पहिरनका कारण भारतमा रामदेवलाई मन नपराउने थुप्रै महिला छन्। भारतकी एउटी महिलाले त उनको अर्धनग्न लवाइलाई 'फन्टुस पोशाक'सम्म भनेकी थिइन् । राजनीति, योग र व्यवसाय यी तीनै क्षेत्रका खप्पिस हुन्, रामदेव ।

भनिन्छ, रामदेव भाजपानिकट छन्। तर अचेल भाजपासँग यिनको नाराजगी चलिरहेको छ । भारतीय काङ्ग्रेसका प्रधानमन्त्री मनमोहन सिंहको सरकारले यिनलाई दिल्लीको एउटा सभाबाट पक्राउ गर्न खोज्दा अर्धनग्न रहने यिनी मञ्चबाटै एकजना महिलाको साडी कम्मरमा लपेटेर मुख छोपेर भागेका थिए। त्यतिखेर यिनको नाम नै 'रामदेव भगोडा' राखिएको थियो। यही रामदेव अहिले आफ्नो व्यापार–व्यवसाय चम्काउन काठमाडौं आइपुगेका छन् ।

भारतमा रामदेवलाई अब्बल दर्जाको व्यवसायी मानिन्छ। सधैं आधा–अधूरा गेरुवा वस्त्र धारण गर्ने यिनी आफ्नो नामको पछाडि बाबा जोडेर रामदेव बाबा भनेको रुचाउँछन्। आफ्नो प्रभावले यिनी नेपालमा दर्ता नै नभएको विदेशी लगानीको सेटेलाइट टेलिभिजन 'आस्था नेपाल' र 'पतञ्जलि नेपाल'को उद्घाटन प्रधानमन्त्री शेरबहादुर देउवासँग गराउन सफल भए। मन्त्रिमण्डलमा कुरै नराखी देउवाले जबरजस्ती प्रचण्ड र माधव नेपाल पछि लगाएर रामदेव बाबालाई खुशी पारिदिए। त्यतिमात्रै कहाँ हो र ? रामदेव बाबालाई पतञ्जलिका लागि निश्शुल्क सरकारी, सार्वजनिक जग्गासमेत उपलब्ध गराइदिने आश्वासन दिए ।

आर्युवेदको क्षेत्रमा भारतमा डाबर र पतञ्जलिबीच घमासान नै छ। नेपालमा डाबर नेपालले करोडौं मूल्यको जडीबुटी माटोको मूल्यमा कुम्ल्याएको देखेर डाबर नेपाललाई टक्कर दिन उनी पतञ्जलि नेपालको नामले काठमाडौं छिरेको बताइन्छ। देखावटीरूपमा एकछिन योग सिकाएको जस्तो गर्ने बाबा दिनभरि नेताहरूलाई प्रभाव पार्ने अनि विज्ञहरूसँग नेपालमा पाइने विभिन्न किसिमका जडीबुटीबारे जानकारी लिने काममा व्यस्त छन् । विदेशी दातृ राष्ट्रहरूले गरिखाउ भनी बनाइदिएका थुप्रै सरकारी कलकारखाना प्रजातन्त्रवादीहरूले कबाड बनाएर रद्दीमा बेचेको सबैलाई थाहा छ। अनि यस्ताहरूले रामदेवको पतञ्जलि उद्योग खोल्न किन यस्तो मरिहत्ते गरेका होलान् दैव नै जानून् । व्यवसायी त्यो पनि अर्बपति विदेशीलाई उद्योग खोल्न खैरातमा जग्गा दिन मिल्छ ? रामदेव हाम्रालागि न आमापट्टिको न बाउपट्टिको। एमसिसीको दोस्रो रूप हो, पतञ्जलि । सिंहदरबार वैद्यखानाको खस्ताहाल, सरकारी बेवास्ता सबैलाई थाहै छ। डुब्न लागेको सिंहदरबार वैद्यखानालाई उकास्नु त कता हो कता उल्टै बाबालाई ल्याएर सौता हाल्न खोजिएको जस्तो देखियो । नेपालका दिग्गज वैद्य, कविराजहरू सरकारी सहयोग नपाएर आफ्नो सीप देखाउन असमर्थ छन् । तापनि नेपाली वैद्यखानाको च्यावनप्राश, अश्वगन्धा, आमलकि चूर्ण, पाचक, जडीबुटीले नै बनेको ग्रीन टी, यार्सागुम्बा आदि निकै राम्रा आर्युवेदिक औषधि भएपनि सरकारी बेवास्ता, बजेट अभावले गर्दा वैद्य र कविराजले बनाउनै सकेका छैनन्। सरकारी बजेट र सहयोगको आशा गर्दा गर्दै थुप्रै दिग्गज र अनुभवी वैद्य त परमधाम पुगिसके ।

सरकारमा बस्नेहरूको छेपारे प्रवृत्ति देख्दा त नेपाल कानूनी राज्य हो भन्ने भरोसा नै लाग्न छाडिसक्यो । देशको युवाशक्ति धमाधम बाहिरिने र रामदेव जस्ता खप्पिस भित्रिनाले यो मुलुकको विकास कसरी होला ?

गेरुवा वस्त्र धारण गर्नाले, दाह्री, जटा पाल्नाले कोही बाबा र सन्त हुँदैन । यस्ता बहुरुपियाँलाई त खुँखार कलाकार भनिन्छ। सरकारी बेवास्ताले थला परेको सिंहदरबार वैद्यखानाको आर्युवेदिक औषधि नेपालमा नपाइनाले हामी त्यसै पनि डाबर, बैधनाथ, रामदेवको पतञ्जलिको औषधि खरीद गर्न, प्रयोग गर्न बाध्य छौं । संक्षेपमा भन्ने हो भने नेपाल सरकारको यस्तै रवैयाले नेपालको हरेक क्षेत्रमा भारत हाबी हुँदै छ, हामी दिनानुदिन नूनदेखि सुनसम्म भारत भरोसे बनाइएका छौं ।

सबैलाई थाहै छ, योगको नाममा ठूलो व्यवसाय गर्ने उद्योगी हुन्, रामदेव। किन कसैले बाबालाई नेपालको माटोमा उद्योग फस्टाउँदैन, विदेशी लगानीको उद्योगको हबिगत त वीरगंज चिनी कारखाना, कृषि औजार कारखाना, जनकपुर चुरोट कारखानाको दुरवस्थाभन्दा बदत्तर हुन्छ है भन्दै तर्साउन सक्दैन। योगको नाममा उत्पाते, वितपाते काममा पनि बाबा माहिर छन्। सरकारी लगानीका स्वदेशी कलकारखाना र उद्योगलाई धसाउने, अनि रामदेवहरूलाई रातो कार्पेट बिछ्याएर स्वागतम् भन्ने सरकारी नीति बुझेका चेतनशील नागरिकहरूले यिनलाई राष्ट्रघातीहरूको सरकार भन्ने गरेका छन्। छाप्रो हाल्ने सानो टुक्रा जग्गा नपाएर वर्षौंदेखि सुकुमबासी बनेका नेपालीहरूले रामदेवले अर्बौंको जग्गा सित्तैमा पाउन लागेको सुन्दा कानमा तातो झीर हालेझैं अनुभव गरेका छन्। भनिन्छ, यस्तो सरकारी चाला देखेर सुकुमबासी र स्वदेशी पूँजीपति वर्गसमेत सशङ्कित छन्। योगगुरु रामदेवको क्षय होइन, जय होस्।

# जागीरे जीवनको १८ वर्षसम्म बिदा र भत्ता नलिने कर्मचारी सिलवाल

–रमेश गिरी

भक्तपुर, ८ मङ्सिर/रासस

कुनै पनि सरकारी कार्यालय होस् वा निजी संस्था, कार्यालय समयमा बिदा र अतिरिक्त सुविधा नलिने कर्मचारी पाउन मुश्किल पर्छ ।

विशेषगरी सरकारी कार्यालयमा कार्यरत कर्मचारीले सरकारले उपलब्ध गराएका सबै बिदा र अतिरिक्त सेवा सुविधा लिन मरिहत्ते गरेको पाइन्छ । एक दिन बिदा बाँकी भएसम्म कर्मचारी छोड्दैनन्, बिदा बस्ने गर्छन्। सरकारले कर्मचारीलाई उपलब्ध गराउने भैपरी, घर, बेतलबी, बिरामी, भ्रमण र विशेषलगायत बिदा लिने, यातायात तथा हवाई सेवादेखि होटलको बिलसमेत पेश गर्ने र कतिपयले बिदाको दुरुपयोगसमेत गर्ने गरेको सुन्ने गरिन्छ । तर मध्यपुरथिमि नगरपालिकामा विगत १८ वर्षदेखि स्थायी कार्यरत एकजना कर्मचारीले अहिलेसम्म कुनै बिदा र अतिरिक्त सेवा सुविधा नलिई इमानदारी साथ काम गरेको सुन्दा जो कोहीलाई अचम्म लाग्न सक्छ ।

विसं २०२६ असोज १ गते भक्तपुरको गठ्ठाघरमा जन्मेका केशव सिलवाललाई मध्यपुरथिमि नगरपालिकामा काम गरेको १८ वर्ष बितेको छ । कानून अधिकृतमा एक वर्ष करारमा काम गर्दै २०५९ भदौ ३ गते मध्यपुरथिमि नगरपालिकामा स्थायी भएर कानून अधिकृतमा सेवा प्रवेश गरेका सिलवालको इमानदारिताको चर्चा जहाँतहीं चल्ने गरेको छ । कानून अधिकृतबाट २०६७ सालमा वरिष्ठ कानून अधिकृत हुँदै २०७४ मा कानून तथा प्रशासन महाशाखाको निर्देशकको रूपमा सिलवाल कार्यरत छन् । यस नपाका




स्थायी सेवा शुरू गरेदेखि नै सूचना अधिकारीको समेत जिम्मेवारी सम्हाल्दै आएका उनले जनप्रतिनिधि आउनुपूर्व नगरपालिकामा आउने मुद्दामध्ये अदालत पठाउनु नपर्ने मुद्दाको निरूपण गर्नेदेखि प्रशासनको जिम्मेवारीसमेत सम्हाल्दै आएका थिए ।

यस नगरपालिकामा १८ वर्षको सेवा अवधिमा उनले जनप्रतिनिधि नहुँदा र जनप्रतिनिधि आएपछि गरी २९ पटक निमित्त प्रमुख भएर नगरपालिकाको प्रमुख जिम्मेवारीसमेत सम्हालेको उनको भनाइ छ। मानविकीमा स्नातकोत्तर र कानूनमा स्नातक तह उत्तीर्ण गरेका उनले यस नपामा कानून तथा प्रशासन महाशाखा अन्तर्गत शिक्षा, कृषि, सहकारी, स्वास्थ्य, लेखा, राजस्व, सामुदायिक, प्रशासन, महिला विकास, वडा कार्यालयलगायत १४ वटा शाखाको नेतृत्व गर्दै जिम्मेवारी सम्हाल्दै आएका छन् ।

उनले भने–"नगरपालिकाका कार्यक्रम, योजना, अनुगमन, सुपरिवेक्षण गर्ने, यहाँका शाखामा कुनै समस्या आए सुल्झाउने, शाखाको काम–कारबाहीको रेखदेख गर्नेलगायत जिम्मेवारी सम्हाल्दै आएको छु ।"

२०५६ सालदेखि बिहान एउटा कलेजमा कानून विषयको अध्यापन गराउँदै आएका उनी कलेजपछि सीधै नगरपालिका कार्यालय पुग्छन् । दैनिक पौने १० बजे पहिले नै नियमित कार्यालय प्रवेश गर्ने सिलवाल अरू कर्मचारी आउनु अगावै कार्यालय पुग्ने र पाँच बजेपछि अरू कर्मचारी निस्किसकेपछि मात्रै आफ्नो कार्यकक्षबाट निस्कने गरेको यहाँका कर्मचारी बताउँछन् ।

कार्यालयलाई अत्यावश्यक पर्दा उनी रातिसम्म बसेर पनि काम गर्ने गरेको सुनाउँछन्। महाशाखा निर्देशक सिलवालले भने–"जागिरे जीवनको १८ वर्ष लामो अवधिमा मैले आफ्नै घरपरिवारमा विवाह तथा व्रतबन्ध हुँदा पाँच दिन र जनप्रतिनिधि आएपछि नगरपालिकाकै काममा जापान जाँदा पाँच दिन गरी १० दिनबाहेक अहिलेसम्म कुनै दिन बिदा बसेको छैन, न कुनै सुविधा र भत्ता नै लिएको छु ।" अतिरिक्त समयमा काम गरेबापत पाइने ओटीदेखि बिदा नलिएबापत लिने अन्य सुविधा, कुनै पनि भत्ता वा थप तलब सुविधा केही नलिएको उनको भनाइ छ। सूचना अधिकारीसमेत रहेका सिलवालले भने–"एक कर्मचारीले वर्षमा ६ दिन पर्व बिदा, ६ दिन भैपरी आउने बिदा र ३० दिन घर बिदा गरी ४२ दिन बिदा पाउँछ, यसलाई जोड्ने हो भने पनि १८ वर्षमा ७५६ दिन म बिदा बस्न पाउथें तर मैले १० दिनबाहेक ७४६ दिन बिदा नलिई कार्यालयलाई दिएको छु, मैले बिदा नलिएबापत थप तलब, अन्य सुविधा वा कुनै पनि शीर्षकमा भत्ता लिएको छैन ।"

नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठले नगरपालिकामा इमानदार कर्मचारीको रूपमा उनलाई लिने गरेको बताए । उनले भने–"म नगरप्रमुख भएर आएको चार वर्ष नाघिसकेको छ, सिलवालले म आएपछि जापान जान बाहेक अरू दिन बिदा लिएको थाहा छैन, दिएको सबै जिम्मेवारी पूरा गर्ने र कार्यालय समयभन्दा पहिले आउने र कार्यालय समयपछि जाने, जस्तोसुकै अप्ठ्यारो काम सुल्झाउने इमानदार कर्मचारीको रूपमा नगरपालिकाले सिलवाललाई पाएको छ।" नगरपालिकाका प्रशासकीय प्रमुख चुडामणि पन्थीले सिलवालप्रति कार्यालयमा कसैले गुनासो नगरेको सुनाउँदै गुनासो गर्ने ठाउँ नै नराखी उनले काम गर्दै आएको बताए । उनले पाउने बिदा पनि नलिई काम गरेको देख्दा छक्क परेको उनले बताए ।

सार्वजनिक बिदाबाहेक हरेक दिन बिहान ६ बजे घरबाट निस्केर कलेजमा दुईवटा कानून विषयको अध्यापन गरेर सीधै नगरपालिका जाने उनको दैनिक तालिका नै हो। विभिन्न निकायमा स्रोत व्यक्तिको रूपमा समेत सिलवालले पहिचान बनाउँदै आएका छन् ।

# हसिया प्रहारबाट वृद्ध गम्भीर घाइते

प्रस, निजगढ, ८ मङ्सिर/

निजगढ नगरपालिका–११ रतनपुरमा एक युवकले हसिया प्रहार गरी एकजना वृद्धलाई घाइते बनाएका छन् ।

इलाका प्रहरी कार्यालय, निजगढका प्रहरी निरीक्षक शङ्कर चौधरीले निजगढ नपा–११ रतनपुरका ६५ वर्षीय गम्भीरा राउतलाई सोही ठाउँ बस्ने वर्ष २२ को अनिल थिङले घरेलु हतियार हसिया प्रहार गरी घाइते बनाएको बताए ।

उनले घाइते वृद्धको अवस्था गम्भीर रहेको जानकारी गराए । वृद्ध तपोभूमि सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा घाँस काट्न गएको बेला थिङले धारिलो हसियाले घाइते बनाएको प्रनि चौधरीले बताए ।

वृद्ध राउतको वीरगंजमा उपचार सम्भव नभएपछि आज बिहान हेलिकप्टरबाट थप उपचारका लागि काठमाडौं लगिएको घाइते वृद्धका छोरा तुलसीराम राउतले बताए ।

## फरक समाचार

# विश्वमैं अत्यधिक मुस्लिम जनसङ्ख्या तर अधिकांश रामभक्त

इन्डोनेशिया विश्वमैं सबैभन्दा धेरै मुस्लिम जनसङ्ख्या भएको देश हो। विश्वका १२.७ प्रतिशत मुस्लिम यहाँ बस्छन् । इन्डोनेशियापछि पाकिस्तानमा ११ प्रतिशत मुसलमान बस्छन् । भगवान् रामलाई हिन्दू धर्मावलम्बीहरूले मात्रै मान्ने विश्वास गरिन्छ तर विश्वकै सबैभन्दा धेरै मुस्लिम जनसङ्ख्या भएको देश भएपनि इन्डोनेशियामा अधिकांश मानिस भगवान् रामका भक्त छन् ।

यो एकदमै सत्य हो कि इन्डोनेशियाका अधिकांश मानिस भगवान् रामका भक्त हुन् र उनको पूजा गर्छन् । मुस्लिमबहुल देश भएपनि इन्डोनेशियाको



अधिकांश जनसङ्ख्याले भगवान् राममा आस्था राख्छ र भगवान् रामलाई आफ्नो नायक मान्छ। र रामायणलाई यो देशमा महत्त्वपूर्ण पुस्तक मानिन्छ।

इन्डोनेशियाका अधिकांश मानिस रामायणलाई आफ्नो हृदयको सबैभन्दा नजीक मान्छन्। यहाँ रामकथालाई काकविन रामायण वा ककनिन रामायण भनिन्छ। तर जहाँ एकातिर विश्वमा रामायणका रचयिता महर्षि वाल्मीकिलाई मानिन्छ। इन्डोनेशियामा ककनिन रामायणका लेखक कवि योगेश्वरलाई मानिन्छ। यहाँ ककनिन रामायण एक विशाल ग्रन्थ हो। इन्डोनेशियाको ककनिन रामायणमा २६ अध्याय छ ।


ककनिन रामायणमा भगवान् रामका पिताको नाम दशरथ होइन, विश्वरञ्जन हो । इन्डोनेशियाको रामायण, भगवान् रामको जन्मसँगै शुरू हुन्छ। त्यसैगरी, विश्वामित्रसँगै भगवान् राम र लक्ष्मणको वन प्रस्थानमा ऋषिमुनिहरूले मङ्गलाचरण गरेका छन्। ककनिन रामायणका अनुसार इन्डोनेशियाली वाद्य 'गमलान' भगवान् रामको जन्मको बेला बजाइएको हो।

२३ करोड मुस्लिम जनसङ्ख्या भएको देश इन्डोनेशियाको सरकारले सन् १९७३ मा अन्तर्राष्ट्रिय रामायण सम्मेलनको आयोजना गरेको थियो । यस सम्मेलनको विश्वभर धेरै चर्चा भएको थियो। किनभने यो आफैंमा अनौठो घटना थियो । आफूलाई मुस्लिम राष्ट्र घोषणा गर्ने देशले अर्को धर्मको धर्मग्रन्थको सम्मानमा यति ठूलो कार्यक्रम आयोजना गरेको यो संसारमैं पहिलोपटक हो ।

इन्डोनेशिया र वाल्मीकिको रामायणमा यो पनि विशेष भिन्नता छ कि जहाँ रामको जन्म भारतको अयोध्यामा भएको थियो, त्यहीं इन्डोनेशियाका रामको नगरलाई 'योगा' भनिन्छ। आज पनि इन्डोनेशियामा रामायणको उत्तिकै गहिरो प्रभाव छ। देशका अधिकांश क्षेत्रमा ककनिन रामायणका अवशेष र ढुङ्गामा रामकथाको चित्र कोरिएको सजिलै पाउन सकिन्छ।

# यी ६ लक्षणले शरीरमा पानीको कमी

जाडोमा कम पानी पिउने बानी छ भने यसले धेरै समस्या बढाउन सक्छ। प्रायःजसो यस्तो हुन्छ कि जाडोको मौसम आउनेबित्तिकै हामी पानी पिउन बन्द



गर्छौं । जसका कारण शरीरमा डिहाइड्रेशन हुन थाल्छ र धेरै समस्या निम्त्याउन सक्छ। जाडोमा यस्तो कुनै स्वास्थ्य समस्या नहोस्, त्यसैले डिहाइड्रेशनबाट बच्न केही विशेष लक्षणहरू चिन्नुहोस् ।

**टाउको दुख्ने समस्या–** शरीरमा पानीको कमीका कारण प्रायः टाउको दुख्ने समस्या हुन्छ। शरीरको हाइड्रेशन लेभल घट्दा यस्तो हुन्छ किनभने हाम्रो मस्तिष्क ९० प्रतिशत पानीले बनेको हुन्छ ।

**पेटका समस्याहरू–** शरीरमा पानीको कमीले कब्जियत, एसिडिटी र पेट दुख्ने समस्या पनि हुन सक्छ।

**थकानको अनुभूति–** यदि काम शुरू गर्नु अघि वा तुरुन्तै थकाइ महसूस हुन्छ भने यो निर्जलीकरणको सङ्केत हुन सक्छ ।


**छाला सुक्खा हुने समस्या–** शरीरमा पानीको कमी हुँदा छाला सुक्खा हुने गर्छ । छाला सुक्खा भयो भने डिहाइड्रेशनको लक्षण हुन सक्छ।

**जोर्नी दुख्ने समस्या–** निर्जलीकरणले जोर्नी दुखाइ हुन सक्छ। र यदि पहिलेदेखि नै दुखाइ छ भने अझ बढी दुख्न सक्छ ।

**एकाग्रतामा कमी–** शरीरमा पानीको कमीका कारण कुनै पनि कुरामा ध्यान केन्द्रित हुन सक्दैन, लामो समयसम्म कुनै कुरा सम्झन नसक्ने, सञ्चारमा समेत कठिनाइ महसूस हुन्छ।

# यी चीजको सेवन नगर्दा फोक्सो स्वस्थ

फोक्सोले शरीरका धेरै कार्य राम्रो तरीकाले सञ्चालन गर्दछ । फोक्सो क्षतिग्रस्त हुँदा शरीरलाई शुद्ध अक्सिजन प्राप्त गर्न धेरै समस्या हुन्छ। कोरोनाको समयमा फोक्सोको स्वास्थ्यको ख्याल गर्नु अत्यन्तै जरूरी छ। किनभने कोरोना भाइरसले फोक्सोलाई सबैभन्दा पहिले निशाना बनाउँछ। त्यसैले फोक्सो स्वस्थ राख्न यी चीजहरूबाट टाढा रहनुपर्छ ।



**१. नून–** आहारविज्ञका अनुसार नून स्वास्थ्यका लागि अत्यावश्यक मानिन्छ तर सीमित मात्रामा। धेरै नून खाँदा फोक्सोमा समस्या हुन सक्छ। यही कारणले गर्दा फोक्सोलाई स्वस्थ राख्न नून कम खानुपर्छ ।

**२. चिनीयुक्त पेय पदार्थ–** स्वास्थ्यविज्ञहरूका अनुसार चिनीयुक्त पेय पदार्थ फोक्सोका लागि हानिकारक हुन्छ । यसको सेवनले वयस्कमा ब्रोन्काइटिस हुने सम्भावना हुन्छ। यस्तो अवस्थामा चिनीयुक्त पेय पदार्थको सेवनबाट बच्नुपर्छ। सकेसम्म पानी पिउनुपर्छ ।

**३. प्रशोधित मासु–** फोक्सोका लागि प्रेसर गरिएको मासु खासै राम्रो हुँदैन। यस्ता मासुमा नाइट्राइट नामक तत्त्व मिसाइन्छ, जसले फोक्सो सुन्निने र तनाव निम्त्याउने स्वास्थ्यविज्ञहरू बताउँछन् । यसैले बेकन, ह्याम, डेली मासु, ससेज जस्ता प्रशोधित मासु खानबाट बच्नुपर्छ ।

**४. डेयरी उत्पादनहरू–** दूध, दही र चीजजस्ता दुग्धजन्य पदार्थ स्वास्थ्यका लागि निकै फाइदाजनक भए तापनि यसको बढी सेवन फोक्सोका लागि हानिकारक हुन्छ। त्यसैले दुग्धजन्य पदार्थको बढी सेवन गर्नुहुँदैन ।

**५. अत्यधिक रक्सीसेवन–** आहारविज्ञका अनुसार मदिरा फोक्सोका लागि हानिकारक हुन्छ । यसमा पाइने सल्फाइट्सले दमको लक्षण बढाउन सक्छ । रक्सीमा इथानोल पनि हुन्छ, जसले फोक्सोलाई हानि पुऱ्याउँछ। यस्तो अवस्थामा अत्यधिक मदिरा सेवनबाट बच्नुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## दुर्घटनाबाट ४६ जनाको मृत्यु, तीन दिने शोक घोषणा

स्कोपजे, ८ मङ्सिर/सिन्ह्वा

उत्तरी मेसेडोनिया सरकारले पश्चिमी बुल्गेरियामा मङ्गलवार बिहान दुर्घटनामा परेर जलेका सातजनाको उद्धार गरी राजधानीको आकस्मिक अस्पतालमा लगिएको बताइएको छ। किलोमिटर दक्षिणमा रहेको राजमार्गमा स्थानीय समयानुसार दिउँसो २:०० बजे सो दुर्घटना भएको हो। दुर्घटनाको कारण


तस्वीरः सिन्ह्वा

भएको बस दुर्घटनाबाट ठूलो क्षति भएको भन्दै त्यसप्रति राष्ट्रिय शोकको घोषणा गरेको छ। सो बस दुर्घटनामा परेर कम्तीमा पनि ४६ जनाको मृत्यु भएको सरकारी समाचार एजेन्सी बिटिएले जनाएको छ। उक्त दुर्घटनामा परेर ज्यान जानेमा १२ जना बालबालिका पनि छन्। मृत्यु भएका १२ बालबालिकाको शव जलेको अवस्थामा पाइएको भन्दै यहाँका नागरिक निकै स्तब्ध भएका छन्। यहाँको गृह मन्त्रालयको अग्नि सुरक्षा विभागका प्रमुखले बस दुर्घटनामा परेपछि आगो लागेको र त्यहाँ रहेका यात्रुहरू जलेका बताएका छन्। सोफियाबाट करीब ४० भने अझै पत्ता लाग्न सकेको छैन। यहाँको सरकारले मङ्गलवारदेखि नै तीन दिनसम्म राष्ट्रिय शोकको घोषणा गरेको छ। यो तीन दिनसम्म देशभित्र र उसका विश्वमा रहेका दूतावासहरूमा पनि कुनै औपचारिक कार्यक्रम नगरिने जनाइएको छ। रासस

## भेनेजुएलामा शान्तिपूर्ण निर्वाचन भएको संयुक्त राष्ट्रसङ्घको भनाइ

संयुक्त राष्ट्रसङ्घ, ८ मङ्सिर/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घले भेनेजुएलामा आइतवार भएको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको जनाएको छ।



तस्वीरः फाइल

संयुक्त राष्ट्रसङ्घले यहाँको क्षेत्रीय र नगरपालिका निर्वाचन शान्तिपूर्ण सम्पन्न भएको आफ्नो अनुगमनबाट देखिएको बताएको हो।

संयुक्त राष्ट्रसङ्घका महासचिवको प्रेस कार्यालयले सो कुरा जनाएको हो। मङ्गलवार एक विज्ञप्ति प्रकाशन गरेर संयुक्त राष्ट्रसङ्घका महासचिवको प्रेस कार्यालयले यहाँको निर्वाचन आयोग र निर्वाचन अधिकारीहरूले शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पनि बताएको छ।

विज्ञप्तिमा निर्वाचनका क्रममा भएका केही हिंसाका घटनाबारे पनि जानकारी आएको भन्दै तर ती सबै घटनाको छानबीन यहाँको सरकार र संयुक्त राष्ट्रसङ्घले गर्ने बताइएको छ।

उक्त विज्ञप्तिमा यहाँका सबै खालका हिंसा तथा विवादहरू अब यो निर्वाचनमार्फत समाधान हुने अपेक्षा पनि गरिएको बताइएको छ। रासस

## हवाई आक्रमणमा चारजना सिरियालीको मृत्यु

दमास्कस, ८ मङ्सिर/एएफपी

मध्य सिरियामा बुधवार बिहान इजरायलले गरेको हवाई आक्रमणमा परी कम्तीमा चारजनाको मृत्यु हुनुका साथै सातजना घाइते भएका छन्। यस आक्रमणमा परी घाइते भएका अधिकांश सैनिक रहेका आधिकारिक सिरियाली समाचार एजेन्सी सानाले जनाएको छ।

इजरायलले गरेको आक्रमणमा परी दुई सर्वसाधारण र दुईजना सैनिकको मृत्यु भएको छ। छ सैनिक र एक नागरिक घाइते भएको सानाले जनाएको छ। आक्रमण देशको मध्यभागका स्थानहरूलाई लक्षित गरी गरिएको समाचार एजेन्सी सानाले जनाएको छ। यस आक्रमणको अन्य विस्तृत विवरण भने साना समाचार समितिले उल्लेख गरेको छैन। सिरियाको हवाई सैन्यबलले यस आक्रमणलाई पन्छाएर क्षेप्यास्त्रहरू खसालेको साना समाचार समितिले जनाएको छ।

सिरियामा व्यक्तिगत आक्रमणहरू बिरलै स्वीकार गर्दै आएको इजरायली सेनाले अन्तर्राष्ट्रिय समाचार संस्थाहरूलाई टिप्पणी गर्न अस्वीकार गरेको छ।

सन् २०११ मा सिरियामा गृहयुद्ध शुरू भएदेखि इजरायलले सिरियाली भूमिमा सयौं हवाई आक्रमण गरेको छ। सरकारी स्थानका साथै इरान समर्थित सेना र लेबनानको हिजबुल्लाह आन्दोलनका लडाकूहरूलाई लक्षित गर्दै आक्रमण गर्दै आएको छ।

इजरायलले बारम्बार छिमेकी सिरियालाई आफ्नो कट्टर शत्रु इरानको 'लन्चप्याड' बन्न नदिने बताउँदै आएको छ। रासस

## चीनद्वारा इराकका सबै पक्षलाई सरकार निर्माणमा सघाउन आग्रह

संयुक्त राष्ट्रसङ्घ, ८ मङ्सिर/सिन्ह्वा

इराकका सबै पक्षलाई हिंसा रोकेर सरकार निर्माणको काममा सहयोग गर्न चीनले आग्रह गरेको छ। संयुक्त राष्ट्रसङ्घका लागि चिनियाँ सहायक स्थायी प्रतिनिधि चेङ सुआङले सो धारणा व्यक्त गरेका हुन्। उनले इराकले सम्पन्न गरेको आम निर्वाचनप्रति पनि खुशी व्यक्त गरेका थिए। उनले इराकले शान्तिपूर्ण रूपमा र आम सहभागितामा गरेको निर्वाचन प्रशंसनीय रहेको उनले बताए।

इराकमा हिंसा मच्चाइरहेका सबै पक्षले अब सरकार निर्माणमा सहयोग गर्ने र आफूहरू पनि सरकारमा जाने वातावरण बनाउन लाग्नुपर्ने उनले बताएका थिए। उनले भने-"हामी इराकका सबै पक्षलाई आफ्ना कुरा शान्तिपूर्णरूपमा राख्न, आफ्ना मागहरू आफैं सरकारमा गएर पूरा गर्न र सबै प्रकारका माग शान्तिपूर्णरूपमा र वार्ताका माध्यमबाट पूरा गर्ने वातावरण बनाउन माग गर्दछौं।" साथै उनले यही नोभेम्बर ७ मा इराकका प्रधानमन्त्रीमाथि भएको हिंसात्मक हमलाको पनि निन्दा गरेका छन्।

यसरी गरिने हिंसा र आतङ्कका घटनाहरूबाट कसैको पनि माग पूरा नहुने र यस्तो बाटो कसैले पनि अवलम्बन नगर्न उनले आग्रह गरेको बताइएको छ। रासस

## कक्षा ८ उत्तीर्ण छात्राहरूलाई साइकल वितरण

प्रस, ठोरी, ८ मङ्सिर/

पर्साको ठोरी गाउँपालिकामा रहेको एकमात्र नमूना माध्यमिक विद्यालय सरस्वती मावि गौतमनगरमा विद्यालय नर्स कार्यक्रम अन्तर्गत प्राथमिक उपचार कक्षको उद्घाटन गरिएको छ।



तस्वीरः प्रतीक

यसैगरी, बुधवार नै सो विद्यालयबाट शैक्षिक सत्र २०७७ मा कक्षा ८ उत्तीर्ण छात्राहरूलाई साइकल वितरणसमेत गरिएको छ।

सो विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शम्भुबहादुर गुरुङको अध्यक्षता एवं जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य टेकबहादुर शाक्य (अनजान)को प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रम अन्तर्गत कक्षा ८ उत्तीर्ण २३ जना छात्रालाई साइकल वितरण गरिएको प्रधानाध्यापक केशवप्रसाद रेग्मीले जानकारी दिए।

यस्तै, आज नै कार्यक्रमका प्रमुख अतिथि शाक्य र विशिष्ट अतिथि ठोरी-२ का अध्यक्ष किशोर तामाङको स्वास्थ्य परीक्षण गर्दै विद्यालयमा प्राथमिक उपचार कक्षको सेवा पनि शुरू गरिएको छ।

विद्यालयमा आयोजित कार्यक्रममा सो विद्यालयका पूर्वविद्यार्थी योगेन्द्रराज न्यौपानेले विद्यालयलाई रु २२ हजार २१५ बराबरको ५५ थान पुस्तक हस्तान्तरण गरेका थिए। पुस्तक हस्तान्तरण गरेका पूर्वविद्यार्थी न्यौपानेलाई उनकै आमामार्फत दोसल्ला ओढाएर सम्मान गरिएको प्रअ रेग्मीले जानकारी दिए।

कार्यक्रममा प्रमुख अतिथि शाक्यले आफू यही ठोरीको धर्तीपुत्र भएकोले सक्दो सहयोग गर्ने वचन दिंदै साइकल वितरण कार्यक्रममार्फत छोरीबेटी शिक्षित भई लैङ्गिक विभेद हटाइ समतामूलक समाज निर्माण हुने विश्वास व्यक्त गरे।

यसैगरी, विशिष्ट अतिथि वडाध्यक्ष तामाङले बेटी बचाऊ, बेटी पढाऊ कार्यक्रम सान्दर्भिक रहेको र विद्यालयलाई वडाले सक्दो सहयोग गरिरहेको तर अपुग भएकोले केन्द्र र प्रदेशसँग समन्वय गरिदिन प्रमुख अतिथि शाक्यलाई आग्रह गरेका थिए।

कार्यक्रममा प्रअ रेग्मीले विद्यालयको चौतर्फी प्रगतिका लागि र निर्माण गरिएको नमूना विद्यालय विकास कार्यक्रमको गुरुयोजना सफल पार्न आवश्यक सहयोग गरिदिन प्रमुख अतिथि शाक्यको ध्यानाकर्षण गराउँदै स्वागत मन्तव्य राखेका थिए।

कार्यक्रममा वडासमिति सदस्यहरू अमृतकृष्ण सापकोटा, श्यामहरि आचार्य, सरिता विक, विव्यसका सदस्यहरू बलराम सापकोटा, टीकादेवी अधिकारी, दुर्गा नेपाल, शर्मिला पराजुली, निवर्तमान शिक्षक अभिभावक सङ्घका अध्यक्ष दीपेन्द्र अर्याल, विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको सहभागिता थियो।

## सुक्खा बन्दरगाहमा ट्राफिक सचेतना


तस्वीरः प्रतीक

प्रस, पोखरिया, ८ मङ्सिर/

ट्राफिक सचेतना कार्यक्रमको १३औं दिन बुधवार सुक्खा बन्दरगाह क्षेत्रमा कार्यक्रम आयोजना भएको छ।

ट्राफिक सचेतना जागृत गराउने एक हजार पम्प्लेट आज वितरण गरिएको प्रहरी सहायक निरीक्षक इन्द्रभूषण मिश्रले बताए।

सो क्षेत्रबाट गुड्ने सवारी चालकहरूलाई ट्राफिक नियम पालना गरी सवारीसाधन चलाउन र दुर्घटनाबाट जोगिन सचेत गराइएको उनले बताए।

वीरगंज महानगरका विभिन्न क्षेत्रमा जिल्ला ट्राफिक कार्यालय, पर्साले यस प्रकारका सचेतनामूलक कार्यक्रमहरू आयोजना गर्दै आएको र आजको मितिसम्म पन्ध्र हजार पम्प्लेट वितरण गरिसकिएको उनले बताए।

**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – खर्चवृद्धि |
| मिथुन – मनोरञ्जन | कर्कट – पदोन्नति |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – ज्ञानोदय | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

## सहमतिमा भिखमपुर विद्यालयको विवाद साम्य

प्रस, वीरगंज, ८ मङ्सिर/

पर्साको धोबिनी गाउँपालिकामा रहेको नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय अहिले राजनीतिक अखाडा बन्दै गइरहेको अभिभावकहरूको आरोप छ। विद्यालयमा पढाइ कम राजनीति बढी भइरहेको छ।

विद्यार्थीहरूलाई शिक्षकहरूले नै उचालेर दैनिक गाउँपालिकाको कार्यालय घेराउ गराउने जस्ता कार्यहरू भइरहेको अभिभावकहरूले बताए।

यसै क्रममा बुधवार विद्यार्थीहरूको हुलले गापाको कार्यालयमा प्रदर्शन गर्दै तोडफोड र नाराबाजी गरेका थिए। प्रधानाध्यापक रिक्त रहेकामा एक पक्षले

(बाँकी अन्तिम पातामा)

सरसफाईमा ध्यान दिउँ
बिरामी हनबाट बाँचौं

वीरगंज महानगरपालिका

# धार्मिक अतिवाद र आतङ्कवादबाट राष्ट्रिय सुरक्षा चुनौती

प्रस, परवानीपुर, ८ कात्तिक/

धार्मिक अतिवाद र आतङ्कवादबाट मुलुकलाई जोगाउन सरोकारवालाहरूले आग्रह गरेका छन् । उनीहरूले यी दुवै क्रियाकलापले नेपालको राष्ट्रिय सुरक्षामा चुनौती थप्ने वीरगंजमा आयोजित एक परिचर्चामा बताएका हुन् । 'नेपालको राष्ट्रिय सुरक्षा र २६/११ मुम्बई हमला' विषयक परिचर्चाको आयोजना राष्ट्रिय एकता अभियान, पर्साले गरेको थियो ।



तस्वीर: प्रतीक

धार्मिक अतिवादी सङ्गठन र बाह्य आतङ्कवादी सङ्गठनहरूबाट भारतमा विभिन्न आपराधिक घटना भएको बताउँदै उनीहरूले त्यसतर्फ राज्य गम्भीर हुनुपर्नेमा जोड दिए ।

भारतमा जाली नोट पक्राउ पर्दा नेपालमा बनाएको कुरा आउनु, नेपालबाट भटकल र टुन्डा जस्ता आतङ्कवादी पक्राउ पर्नु र पाकिस्तानबाट नियोजित आदापुर–छौडादानोमा रेल उडाउने जस्ता आतङ्कवादी योजना बारा जिल्लामा समसुलको समूहले लागू गर्न खोज्नु सुरक्षाको लागि ठूलो चुनौतीको रूपमा हेर्नुपर्ने परिचर्चाका वक्ताहरूले बताएका थिए ।

कार्यक्रममा पत्रकार अनिल तिवारीले नेपालको राष्ट्रिय सुरक्षा र २६/११ मुम्बई हमलाको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । नेपाली भूमिमा भारतविरोधी कार्य गर्न नेपालका विभिन्न धार्मिक तथा आपराधिक सङ्गठनको प्रयोग भइरहेको, हतियार ओसारपोसार, भारतीय जाली नोटको कारोबार बढेको, म्यानमाको रोहिंग्या, बङ्गलादेश, अफगानिस्तानलगायतका आतङ्कवाद प्रभावित मुलुकबाट अनधिकृतरूपमा शरणार्थीको रूपमा नेपालमा प्रवेश भइरहेको कार्यपत्रमा उल्लेख गरिएको थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले एकअर्कालाई सम्मानजनक हिसाबले व्यवहार गर्नुपर्नेमा जोड दिए । उनले शङ्कास्पद गतिविधि भइरहेको जानकारी प्रहरी प्रशासनलाई गराउन आग्रह गरे ।

कार्यक्रममा राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले समाजमा आएर सेल्टर लिएर आतङ्कवादी गतिविधि सञ्चालन भइरहेकोमा सचेत हुन आग्रह गरे । नेपाल ब्राह्मण समाजका अध्यक्ष हरिनारायण मिश्रले मुम्बई घटना भारतका लागि मात्रै नभएर विश्व समुदायका लागि चेतावनी भएको बताए ।

सङ्घीय समाजवादी पार्टीका जिल्ला अध्यक्ष रामनरेश यादवले आवागमन सहज भएकोले जुनसुकै समयमा अप्रत्याशित घटना हुन सक्ने बताए । कुनै वर्ग समुदायलाई दोष दिनुको साटो भाइचारा, धार्मिक सहिष्णुता खलबलिरहेकोप्रति अध्ययन गर्नुपर्नेमा जोड दिए ।

नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीका पर्सा जिल्ला अध्यक्ष बालगोपाल थापाले आतङ्कवादीको कुनै जाति, धर्म र राष्ट्र नहुने बताए । उनले आतङ्कवादले राष्ट्रलाई तहसनहस पार्ने भएकोले कसैले पनि त्यसलाई प्रशय दिन नहुनेमा जोड दिए ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |

प्रकृति सकिए जीवन सिद्धिन्छ।
त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं ।
वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.
Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## सहमतिमा भिखमपुर विद्यालय....

ध्रुव रामलाई र अर्को पक्षले उच्च अदालत वीरगंज इजलासको परमादेशबाट विनयप्रसाद कुर्मीलाई निमित्त प्रअ बनाएपछि विद्यार्थीहरू आन्दोलित भएका हुन् ।


तस्वीर: प्रतीक

केही दिनअघि करारका मावि शिक्षक राम प्रअ बनेपछि विवाद भएको थियो । हिजो उच्च अदालत वीरगंजको आदेशमा गापाले कुर्मीलाई प्रअको जिम्मेवारी दिएर पठाएपछि विद्यार्थीहरू आज आन्दोलित भएका हुन् । प्रदर्शनको क्रममा राखेका मागबारे प्रमुख प्रकाशकीय अधिकृत राजु साहले गाउँपालिकाबाट निर्णय गराएर सेवा सुविधा प्रवाह गराउने आश्वासन दिएपछि प्रदर्शन रोकिएको थियो । विद्यार्थीहरूले विभिन्न विषयमा विद्यालयले अनधिकृत शुल्क लिएको भन्दै बन्द गर्नुपर्ने माग गरेका थिए ।

# खेलकूदको संसार

## तेस्रो टी-२० मेयर कप क्रिकेट प्रतियोगिता

## पोखरिया नपा र विन्ध्यवासिनी गापा विजयी

प्रस, पोखरिया, ८ मङ्सिर/

पोखरिया युवा समाजद्वारा पोखरियाको शेरा खेलमैदानमा जारी तेस्रो टी–२० मेयर कप क्रिकेट प्रतियोगिता अन्तर्गत बुधवार सम्पन्न दुईवटा खेलमा पोखरिया नगरपालिका र विन्ध्यवासिनी गाउँपालिका विजयी भएका छन् ।




आज भएको पहिलो खेलमा टस जितेर पोखरिया नगरपालिकाले ब्याटिङ गर्दै १६ ओभरमा सबै विकेट गुमाएर १३३ रन बनाएको थियो । प्रतिउत्तरमा धोबिनी गापा १३ ओभरमा सबै विकेट गुमाउँदै ७६ रनमा सीमित भएर पराजय भोगेको थियो । यो खेलको 'म्यान अफ दी म्याच' पोखरियाका विकास दास भएको पोखरिया युवा समाजका सदस्य राकेश महतोले बताए ।

दोस्रो खेलमा विन्ध्यवासिनी गापा विजयी भयो । टस जितेर ब्याटिङ गरेको विन्ध्यवासिनीले निर्धारित २० ओभरको खेलमा १६.५ ओभरमा सबै विकेट गुमाएर १५३ रन बनाएको थियो । प्रतिउत्तरमा सखुवाप्रसौनी गापाले सबै विकेट गुमाएर १३१ रन मात्र जोड्न सक्यो । दोस्रो खेलको 'म्यान अफ दी म्याच' भीम चौहान घोषित भए ।

# शाक्यले थप तीनजनाको घर बनाउने

प्रस, सेढवा, ८ मङ्सिर/

जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य अनजान शाक्यले व्यक्तिगत लगानीबाट थप तीन अतिविपन्न परिवारको घर निर्माण गर्ने घोषणा गरेका छन् ।


तस्वीर: प्रतीक

जीराभवानी गाउँपालिका–४ सुपौलीका बद्री महरा चमार, ज्यूत महरा चमार र एकल महिला सोनिया देवीको घर बनाउने शाक्यले बुधवार घोषणा गरेका हुन् । उनले चमारद्वय र सोनिया देवीका लागि अर्धपक्की दुई कोठे घर निर्माण गर्ने बताए । शाक्यले बिहीवारदेखि नै भवन निर्माणका काम शुरू गराउने आश्वासन दिए । आज उनले तीनैजनाको आर्थिक अवस्थाका बारेमा जानकारी लिएपछि सो कुराको उद्घोष गरेका हुन् । उनले घर बनाउने घोषणासँगै निर्माण सामग्रीको पनि व्यवस्थापन शुरू गरेका छन् । घर निर्माणमा प्रयोग हुने ब्लक इँटा खसालेर अन्य निर्माण सामग्री भोलिदेखि खसाल्ने र छिटोभन्दा छिटो घर निर्माण गरेर हस्तान्तरण गर्ने प्रतिबद्धता जाहेर गरे । यसअघि शाक्यले जीराभवानी गापा–२ सेढवाका अग्निपीडितका लागि घर निर्माण गरेका थिए । हालै लागेको आगलागीबाट घरबारविहीन भएका परिवारका लागि उनले घर बनाउने कार्य अहिले जारी छ ।

# मौलापुर नगरपालिकामा सामुदायिक रेडियो

प्रस, गरुडा, ८ मङ्सिर/

रौतहटको मौलापुर नगरपालिकाले मौलापुर सामुदायिक एफएम रेडियो सञ्चालनमा ल्याएको छ ।

यसअघि गरिएको परीक्षण प्रसारण सफल भएपछि नगरपालिकाले रेडियोको नियमित प्रसारण शुरू गरेको हो ।

मौलापुर नगरपालिका–५, मौलापुर बजारमा मौलापुर सामुदायिक एफएम रेडियोको नगरप्रमुख रीनाकुमारी साहले बुधवार उद्घाटन गरेकी हुन । रेडियोले नियमित प्रसारण शुरू गरेपछि कृषि, शिक्षा र स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने उनले सुझाइन् । समाजमा नकारात्मक असर


तस्वीर: प्रतीक

पार्ने गीतहरू नबजाउन उनले निर्देशन दिंदै नगरप्रमुख साहले रेडियोलाई सबै नागरिकको साझा आवाज बोल्ने थलोको रूपमा विकास गर्न आग्रह पनि गरिन् ।

रेडियोको नियमित सञ्चालन गर्दै उपप्रमुख गौरीशङ्कर साह, प्रमुख प्रशासकीय अधिकृत रामबाबू साह, एफएमका उपाध्यक्ष अमर साहलगायतले रेडियोमा नमूना कार्यक्रमहरू सञ्चालन गरिने बताए ।

नगरपालिका गठन भएर निर्वाचित जनप्रतिनिधि आएपछि मौलापुर नगरपालिकाले चार वर्षमा चारवटा माध्यमिक विद्यालयको लागि जग्गासमेत खरीद गरी भवन निर्माण गरेर सञ्चालनमा ल्याइसकेको छ । यसैगरी, नपाको लगानीमा प्राविधिक विद्यालय सञ्चालनमा आइसकेको छ भने दलित बस्तीको निर्माण भई हस्तान्तरण भइसकेको र अहिले सामुदायिक एफएम सञ्चालनमा ल्याएर अर्को नमूनाको काम गरेको छ ।

मौलापुर नगरपालिकाले पहिलोचोटि छात्रालाई साइकल वितरण शुरू गरेको थियो । यसैगरी, विपन्न समुदायलाई छोरीको बिहेमा आर्थिक सहयोग गर्दै आएको मौलापुरले दरबन्दी सिर्जना गरी नगर शिक्षक भर्ना गरिसकेको छ ।